# नेपाल ट्रष्ट संचालक समितिको सदस्य नियुक्तिका लागि सिफारिस सम्बन्धी कार्यविधि, २०८३

**प्रस्तावनाः** नेपाल ट्रष्ट ऐन, २०६४ को दफा ७ को उपदफा (१) खण्ड (घ) बमोजिमका सञ्चालक समितिका सदस्य नियुक्तिको लागि नेपाल सरकारसमक्ष योग्य तथा सक्षम व्यक्तिको सिफारिस गर्ने व्यवस्था गरी नेपाल ट्रष्टको उद्देश्य बमोजिमको कार्य सम्पादनलाई व्यवस्थित र प्रभावकारी बनाउन वाञ्छनीय भएकोले सञ्चालक समितिले यो कार्यविधि बनाएको छ।

## परिच्छेद-१
## संक्षिप्त नाम र प्रारम्भ

१.**संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "नेपाल ट्रष्ट संचालक समितिको सदस्य नियुक्तिका लागि सिफारिससम्बन्धी कार्यविधि, २०८३" रहेको छ।

(२) यो कार्यविधि सञ्चालक समितिले निर्णय गरी स्वीकृत गरेको मितिदेखि प्रारम्भ हुनेछ।

२.**परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "उम्मेदवार" भन्नाले ट्रष्ट सञ्चालक समितिका सदस्यका लागि दरखास्त पेश गर्ने व्यक्ति सम्झनु पर्छ।

(ख) "ऐन" भन्नाले नेपाल ट्रष्ट ऐन, २०६४ सम्झनु पर्छ।

(ग) "कलष्टर" भन्नाले इन्जिनियरिङ्ग (सिभिल), अर्थशास्त्र र व्यवस्थापन/समाजसेवा छुट्टा छुट्टै क्षेत्र सम्झनु पर्छ ।

(घ) "कार्यविधि" भन्नाले नेपाल ट्रष्ट संचालक समितिको सदस्य नियुक्तिका लागि सिफारिससम्बन्धी कार्यविधि, २०८३ सम्झनु पर्छ।

(ङ) "कार्यालय" भन्नाले नेपाल सरकार, नेपाल ट्रष्टको कार्यालय सम्झनु पर्छ।

(च) "दरखास्त" भन्नाले ऐनको दफा ७ को उपदफा (२) बमोजिम योग्यता पुगेको व्यक्तिबाट पेश हुन आएको दरखास्त पर्छ।

(छ) "नियमावली" भन्नाले नेपाल ट्रष्ट नियमावली २०६५ सम्झनु पर्छ।

(ज) "सञ्चालक समिति" भन्नाले नेपाल ट्रष्ट ऐन २०६४ को दफा ७ को उपदफा १ बमोजिमको सञ्चालक समिति सम्झनु पर्छ ।

(झ) "सदस्य" भन्नाले ट्रष्ट सञ्चालक समितिको सदस्य सम्झनु पर्छ।

(ञ) "सिफारिस समिति" भन्नाले नेपाल ट्रष्ट ऐन, २०६४ को दफा ७ को उपदफा (१) बमोजिमका सञ्चालक समितिका सदस्य नियुक्तिको लागि नेपाल सरकारसमक्ष योग्य तथा सक्षम व्यक्तिको सिफारिस गर्न गठन भएको समिति सम्झनु पर्छ।

## परिच्छेद-२
## सिफारस समितिको गठन

३ . **सिफारिस समितिः** (१) नेपाल ट्रष्ट ऐन, २०६४ को दफा ७ को उपदफा (१) बमोजिमका सञ्चालक समितिका सदस्य नियुक्तिको लागि नेपाल सरकार समक्ष योग्य तथा सक्षम व्यक्तिको सिफारिस गर्न देहाय बमोजिमको एक सिफारिस समिति रहनेछः

(क) नेपाल ट्रष्टको कार्यालयका कार्यकारी सचिव - संयोजक

(ख) प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट तोकिएका सह-सचिव - सदस्य

(ग) नेपाल ट्रष्टको कार्यालयका सह-सचिव - सदस्य

(नोटः माथी उल्लिखित सह-सचिव मध्ये कुनै सदस्य रिक्त रहेमा भूमी व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको सह-सचिव स्तरको प्रतिनिधि कर्मचारी सदस्य रहनेछ ।)

(२) कार्यालयको प्रशासन शाखाले सिफारिस समितिको सचिवालयको रुपमा कार्य गर्नेछ ।

## परिच्छेद-३
## योग्यता तथा सूचनासम्बन्धी व्यवस्था

४. **आवश्यक न्यूनतम योग्यताः** (१) नेपाल ट्रष्ट ऐन, २०६४ को दफा ७ को उपदफा (१) बमोजिमका सञ्चालक समितिका सदस्यमा नियुक्त हुन देहायको योग्यता पूरा भएको हुनु पर्नेछः

(क) मान्यता प्राप्त शिक्षण संस्थाबाट इन्जिनियरिङ्ग (सिभिल) वा अर्थशास्त्र वा व्यवस्थापन / समाजसेवा सम्बन्धी विषयमा कम्तीमा स्नातक शैक्षिक उपाधि हासिल गरेको,

(ख) सम्बन्धित क्षेत्रमा कम्तिमा पाँच वर्ष काम गरेको अनुभव हासिल गरेको,

(ग) पच्चीस वर्ष उमेर पूरा भई साठी वर्ष उमेर ननाघेको।

(घ) नेपाल ट्रष्ट ऐन, २०६४ को दफा ७ को उपदफा (२) बमोजिम सञ्चालक समितिको सदस्य पदमा नियुक्त हुने योग्यता पुगेको ।

(२) उपदफा (१) बमोजिम नियुक्त हुने सदस्यहरूमा कम्तिमा एक जना महिला सहित फरक-फरक विधाबाट प्रतिनिधित्व हुने गरी नियुक्त हुनेछ।

५. **अयोग्यताः** देहाय बमोजिमको व्यक्ति सञ्चालक समितिका सदस्य हुन अयोग्य हुनेछः

(क) गैह्र नेपाली नागरिक,

(ख) पच्चीस वर्ष उमेर पूरा नभएको र साठी वर्ष उमेर नाघेको,

(ग) नैतिक पतन देखिने फौजदारी अभियोगमा दोषि ठहर भएको,

(घ) ट्रष्टसँग कुनै किसिमको ठेक्कापट्टा वा व्यापारिक कारोबारमा संलग्न भएको वा ट्रष्टको सम्पत्तिसँग कुनै किसिमको स्वार्थ रहेको

(ङ) कुनै विदेशी मुलुकको स्थायी आवासीय अनुमतिपत्र प्राप्त गरेको,

(च) प्रचलित कानून बमोजिम स्थापित निकायले कालो सूचीमा राखेको भए त्यस्तो सूची कायम रहेको अवधिसम्म,

(छ) बौद्धिक चोरी वा औद्योगिक ठगि वा यस्तै किसिमका सार्वजनिक जीवनसँग सम्बन्धित विषयमा कसूरदार ठहर भएको,

(ज) तत्काल कुनै राजनीतिक दलको सदस्य रहेको ।

६. **सूचना प्रकाशन गर्नेः** (१) सिफारिस समितिले सञ्चालक समितिको सदस्य पदमा नियुक्तिको लागि राष्ट्रिय दैनिक पत्रिका र नेपाल सरकार, नेपाल ट्रष्टको कार्यालयको वेवसाइटमा सात दिनको समय दिई सार्वजनिक सूचना प्रकाशन गरिनेछ।

(२) उपदफा (१) बमोजिम सूचना प्रकाशन गर्दा प्रत्येक कलष्टर खुल्ने गरी गर्नुपर्नेछ ।

(३) उपदफा (१) बमोजिमको म्यादभित्र पेश हुन आएका दरखास्तको मात्र मूल्याङ्कन गरिनेछ।

(४) उपदफा (२) बमोजिमको दरखास्त विद्युतीय माध्यमबाट समेत पेश गर्न सकिनेछ।

७. <u>दरखास्त साथ पेश गर्नुपर्ने कागजात:</u> (१) सञ्चालक समितिको सदस्य पदको लागि यस कार्यविधिको दफा ४ को उपदफा (१) बमोजिम न्यूनतम योग्यता पूरा गरेका उम्मेदवारले अनुसूची-१ बमोजिमको ढाँचामा दरखास्त साथ देहायका विवरण तथा स्व-प्रमाणित कागजातहरू समावेश गर्नुपर्नेछ:-

(क) शैक्षिक उपाधिको प्रमाण पत्रको प्रतिलिपि,

(ख) दफा ४ को उपदफा (१) मा उल्लेखित विषयहरुमा कम्तीमा पाँच वर्ष कार्य गरेको अनुभवको प्रमाणित कागजात,

(ग) प्रचलित कानुन बमोजिम सार्वजनिक पदमा मनोनयनको लागि अयोग्य नभएको स्वघोषणा,

(घ) ट्रष्टसँग कुनै स्वार्थ नबाझिएको व्यहोरा खुलेको स्वघोषणा ,

(ङ) विदेशी मुलुकको स्थायी आवासीय अनुमतिपत्र नलिएको व्यहोरा खुलेको स्वघोषणा,

(च) तत्काल कुनै राजनीतिक दलको सदस्य नभएको स्वघोषणा,

(छ) अनुभवसम्बन्धी अन्य कुनै विषय भए सोसम्बन्धी कागजात,

(ज) नेपाल ट्रष्टको सञ्चालन र व्यवस्थापन सम्बन्धी रणनीतिक कार्ययोजना सहितको नेपाली भाषामा लेखिएको सोचपत्र,

(झ) कुनै सरकारी वा सार्वजनिक निकायमा नियुक्त वा मनोनित भई कार्यरत भएको व्यक्तिले दरखास्त पेश गर्नु अघि आफू कार्यरत निकायको विभागीय स्वीकृति पत्र,

(ञ) विदेशी विश्वविद्यालयबाट प्राप्त शैक्षिक उपाधिको हकमा समकक्षताको प्रमाणपत्र,

(ट) जन्ममिति स्पष्ट रुपमा खुलेको नेपाली नागरिकताको प्रमाणपत्रको प्रति।

(३) उपदफा (१) को खण्ड (ज) बमोजिमको सोचपत्र युनिकोडमा १४ वा १२ फ्रन्ट साइजमा तयार गरी कभर पेजमा आफ्नो विवरण खुलाई दरखास्तसाथ छुट्टै खामबन्दी गरी पेश गर्नु पर्नेछ।

८. <u>दरखास्त स्वीकृति वा रद्द गर्न सक्ने:</u> (१) दरखास्तका लागि यस कार्यविधिको दफा ६ र ७ बमोजिमको प्रक्रिया पूरा भई रितपूर्वक प्राप्त भएका दरखास्त स्वीकृत गरी उम्मेदवारलाई छनोट प्रक्रियाका लागि सूचीकृत गरिनेछ।

(२) न्यूनतम योग्यता र अनुभव पूरा नगरेको वा गलत तथा झुट्ठा कागजात पेश गरेको पाइएमा सिफारिस समितिले जुनसुकै बखत त्यस्तो उम्मेदवारको दरखास्त रद्द गर्न सक्नेछ।

## परिच्छेद-४
## <u>छनोट विधि, चरण तथा सिफारिस सम्बन्धी व्यवस्था</u>

९. <u>छनोट विधि:</u>(१) सिफारिस समितिले उम्मेदवारबाट पेश हुन आएका योग्यता, अनुभव, रणनीतिक कार्ययोजना सहितको सोचपत्रको विज्ञबाट मूल्याङ्कन, उम्मेदवारले गरेको प्रस्तुतीकरण तथा अन्तर्वार्ताको आधारमा सञ्चालक समितिका सदस्य छनोट गर्नेछ।

(२) उपदफा (१) बमोजिमको छनोट गर्दा जम्मा पचास पूर्णाङ्कलाई आधार बनाई गरिनेछ र सोको मूल्याङ्कन देहायका आधारमा हुनेछ:-

(क) शैक्षिक योग्यता,

(ख) सम्बन्धित क्षेत्रको अनुभव,

(ग) नेपाल ट्रष्ट सम्बन्धी कार्ययोजना सहितको सोचपत्र (Vision Paper with work plan) को सिफारिस समितिबाट मूल्याङ्कन,

(घ) नेपाल ट्रष्ट सम्बन्धी कार्ययोजना सहितको सोचपत्र (Vision Paper with work plan) को प्रस्तुतीकरणको मूल्याङ्कन,

(ङ) अन्तर्वार्ता।

(३) उपदफा (२) बमोजिमका विषयगत आधारको अङ्क र सोको विस्तृत विवरण तथा छनोटका आधार अनुसूची-२ मा व्यवस्था भए बमोजिम हुनेछ।

१०. <u>छनोटको चरण</u>: (१) छनोटको पहिलो चरणमा दफा ९ को उपदफा (२) को खण्ड (क), (ख), (ग) बमोजिम कायम हुन आएको उच्चतम अङ्क प्राप्त गर्ने उम्मेदवारको संक्षिप्तसूची (Short list) प्रकाशन गरिनेछ।

(२) उपदफा (१) बमोजिम संक्षिप्तसूची (Short list) को नाम प्रकाशन गर्दा दरखास्त पेश गर्ने आवेदकको संख्या प्रत्येक कलष्टरमा पाँच जनाभन्दा बढी भएको अवस्थामा दफा ९ को उपदफा (२) को खण्ड (क), (ख) र (ग) बमोजिम कायम हुन आएको उच्चतम अङ्क प्राप्त गर्ने प्रत्येक कलष्टरबाट पाँच जना उम्मेदवारलाई संक्षिप्तसूची (Short list) मा राखिनेछ।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि सञ्चालक समितिका सदस्य पदको लागि दरखास्त स्वीकृत भएको उम्मेदवारको संख्या प्रत्येक कलष्टरमा पाँच वा सोभन्दा कम भएमा यस कार्यविधि बमोजिम सबै उम्मेवारलाई छनोट प्रक्रियामा सहभागी गराइनेछ।

(४) यस कार्यविधि बमोजिम सञ्चालक समितिका सदस्य पदमा दरखास्त दिनेको संक्षिप्तसूची कायम गर्दा बराबर अङ्क प्राप्त गर्ने उम्मेदवार भएको अवस्थामा पाँच जनाभन्दा बढि उम्मेदवारलाई संक्षिप्तसूचीमा नाम समावेश गर्न बाधा पर्ने छैन।

(५) उपदफा (२) बमोजिम संक्षिप्तसूची (Short list) मा छनोट भएका आवेदकहरुलाई तीन दिनको समय दिई दफा ७ को उपदफा १(ज) बमोजिमको सोचपत्र (Vision Paper with work plan) को प्रस्तुतीकरण गर्न कार्यालयकोको वेबसाईटमार्फत सार्वजनिक सूचना प्रकाशन गरिनेछ।

११. <u>प्रस्तुतीकरण तथा अन्तर्वार्ता</u>: (१) संक्षिप्तसूची (Short list) मा छनोट भएका आवेदकहरु सोचपत्रको प्रस्तुतीकरण र अन्तर्वार्ताको छुट्टाछुट्टै मूल्याङ्कन गर्नु पर्नेछ।

(२) प्रस्तुतीकरण तथा अन्तर्वार्ताको लागि निर्धारित प्रत्येक पदमा पूर्णाङ्कको सत्तरी प्रतिशतभन्दा बढी वा चालीस प्रतिशतभन्दा कम अंक प्रदान गर्दा सोको कारण मूल्याङ्कनकर्ताले खुलाउनु पर्नेछ।

(३) अन्तर्वार्ताकारले प्रदान गरेको अङ्कको औषत अङ्क कायम गरी सञ्चालक समितिका सदस्य पदको उम्मेदवारले प्राप्त गरेको प्राप्ताङ्क कायम गरिनेछ।

(४) सञ्चालक समितिका सदस्य पदको लागि कार्ययोजना सहितको सोचपत्रको प्रस्तुतीकरणको मूल्याङ्कनसम्बन्धी अङ्क प्रदान गर्ने र अन्तवार्तासम्बन्धी अङ्क प्रदान गर्ने ढाँचा अनुसूची २ बमोजिम हुनेछ।

१२. <u>उपसमिति गठन तथा विज्ञको सेवा लिन सक्ने</u>: (१) सिफारिस समितिलाई सहयोग गर्न सिफारिस समितिले उपसमिति गठन गर्न सक्नेछ।

(२) सिफारिस समितिले आवश्यक परेमा विज्ञ सदस्य आमन्त्रण गर्न सक्नेछ।

(३) उपदफा (२) बमोजिम विज्ञ सदस्य आमन्त्रण गर्नुपरेमा त्यस्तो विज्ञ सदस्य नेपाल सरकारको विशिष्ट श्रेणी वा सम्बन्धित क्षेत्रमा कम्तिमा दश वर्षको अनुभवप्राप्त व्यक्तिमध्येबाट छनोट गर्नु पर्नेछ।

१३. <u>मूल्याङ्कन प्रक्रियामा समावेश हुन नहुने</u>: सिफारिस समितिका कुनै सदस्य वा समितिबाट गठित उपसमिति वा कुनै विज्ञका नजिकका नातेदार वा स्वार्थ बाझिएको कुनै व्यक्तिले सञ्चालक समितिका सदस्य पदमा दरखास्त पेश गरेको अवस्थामा त्यस्तो व्यक्ति यस कार्यविधि बमोजिम मूल्याङ्कन प्रक्रियामा सहभागी हुनु हुँदैन।

१४. <u>नाम सिफारिस</u>: (१) सञ्चालक समितिको सदस्य पदमा नियुक्तिको लागि सिफारिस भएका उम्मेदवारहरूको विवरण सिफारिस समितिले सञ्चालक समितिमार्फत नेपाल सरकार समक्ष पेस गर्नेछ।

(२) सिफारिस समितिले उम्मेदवार सिफारिस गर्दा प्रत्येक कलष्टरको सबैभन्दा उच्च अङ्क प्राप्त गर्ने तीन जना उम्मेदवारलाई सिफारिस गर्नेछ र यस बमोजिम महिला उम्मेदवार सिफारिसमा नपर्ने भएमा प्रत्येक कलष्टरको सबैभन्दा बढी अङ्क प्राप्त गर्ने महिला उम्मेदवारमध्येबाट एक जना महिला उम्मेदवार सिफारिस गरिनेछ ।

(३) सिफारिस समितिले उपदफा (१) बमोजिम सञ्चालक समितिका सदस्यको पदमा नियुक्तिको लागि नाम सिफारिस गर्दा उम्मेदवारहरूमध्येबाट प्राप्ताङ्कको आधारमा खण्ड (२) बमोजिम उच्चतम अङ्क प्राप्त गर्ने प्रत्येक कलष्टरबाट तीन जना उम्मेदवारको नाम नेपाली वर्णमालाको वर्णानुक्रम अनुसार सिफारिस गर्नेछ।

## परिच्छेद-५

## विविध

१५. **कार्यतालिका बनाउन सक्ने:** सिफारिस समितिले दरखास्त आह्वान, दरखास्त पेश तथा सोको प्रस्तुतीकरण र मूल्याङ्कन सम्बन्धी कार्य सम्पादनका लागि आवश्यक कार्य तालिका बनाउन सक्ने छ।

१६. **खर्चसम्बन्धी व्यवस्था:** समिति तथा उपसमिति वा विज्ञ वा कर्मचारीको बैठक सम्बन्धी, सूचना प्रकाशन, सचिवालय व्यवस्थापन र यस सम्बन्धमा हुने आवश्यक खर्च कार्यालयबाट प्रचलित कानून बमोजिम भुक्तानी हुनेछ।

१७. **कागजपत्रको संरक्षण:** सिफारिस समितिबाट सञ्चालक समितिका सदस्य पदको सिफारिसको कार्य सम्पन्न भएपछि यस सम्बन्धी सम्पूर्ण कागजात, प्रमाण तथा निर्णयहरू कार्यालयमा सुरक्षित राखिनेछ।

१८. **सचिवालय:** समितिको सचिवालय कार्यालयको प्रशासन शाखामा रहनेछ।

१९. **बाधा अडकाउ फुकाउन सक्ने:** यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अड्काउ आई परेमा सञ्चालक समितिले त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ।

अनुसूची-१

(दफा ७ को उपदफा (१) सँग सम्बन्धित)

**दरखास्तको ढाँचा**

श्री कार्यकारी सचिवज्यू,
नेपाल ट्रष्टको कार्यालय,
कमलादी, काठमाडौं।

विषयः दरखास्त तथा कागजात पेश गरेको सम्बन्धमा।

नेपाल ट्रष्ट ऐन, २०६४ को दफा ७ को उपदफा (१) को खण्ड (घ) बमोजिमको सञ्चालक समितिको रिक्त पदमा नियुक्तिका लागि देहायका विवरण तथा कागजात संलग्न गरी यो दरखास्त पेश गरेको छु। म हाल कुनै राजनीतिक दलको सदस्य नभएको, सार्वजनिक पदको लागि अयोग्य नभएको र नेपाल ट्रष्टको कार्यालयसँग मेरो कुनै स्वार्थ नबाझिएको स्वघोषणा गर्दै म सञ्चालक समितिका सदस्यको पदमा नियुक्तिको लागि सिफारिस भई नियुक्ति भएको अवस्थामा प्रचलित कानुन बमोजिम इमान्दारीपूर्वक आफ्नो पदीय जिम्मेवारी पूरा गर्ने प्रतिबद्धता समेत व्यक्त गर्दछु।

१. सार्वजनिक निकायको नामः नेपाल ट्रष्टको कार्यालय

२. नियुक्ति हुन चाहेको पदः ट्रष्ट सञ्चालक समितिको सदस्य

३. दरखास्त पेश गर्ने व्यक्तिकोः

(क) व्यक्तिगत विवरणः

नामः थरः (देवनागरी):-

..........................................................................................................

ENGLISH BLOCK LETTER ..........................................................................................

हाल कार्यरत संस्थाः..............................पद ..............................

नेपाली नागरिकताको प्रमाण पत्र नं.:...........................

जारी मितिः..............................जिल्लाः..................

राष्ट्रिय परिचयपत्र नं. .................

स्थायी ठेगानाः

अस्थायी ठेगानाः

जन्म मितिः .....................साल....................... महिना............... गते

सम्पर्क नम्बरः ..................इमेलः..................

(ख) शैक्षिक योग्यताको विवरणः

| क्र.स. | उपाधि | विश्वविद्यालय/शिक्षण संस्था | संकाय | मूल विषय | उत्तीर्ण श्रेणी | उपाधि प्राप्त गरेको साल | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १. | स्नातकोत्तर | | | | | | |
| २ | स्नातक | | | | | | |

(ग) अनुभवः सम्बन्धित क्षेत्रमा कम्तिमा पाँच वर्षको अनुभवको विवरण

| क्र. सं. | पद | कार्यरत संस्था | कार्यरत अवधि | | कैफियत |
|---|---|---|---|---|---|
| | | | देखि | सम्म | |
| | | | | | |
| | | | | | |
| | | | | | |

(घ) संलग्न कागजात तथा विवरणः

(१) अनुसूचीको ढाँचामा निवेदन,

(२) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,

(३) वैयक्तिक विवरण एक प्रति,

(४) शैक्षिक योग्यताको प्रमाणपत्रहरूको प्रतिलिपि,

(५) विदेशी विश्वविद्यालयबाट प्राप्त शैक्षिक उपाधिको हकमा समकक्षताको प्रमाणपत्र,

(६) सम्बन्धित क्षेत्रमा कम्तिमा पाँच वर्षको अनुभव भएको प्रमाणको प्रतिलिपि,

(७) नेपाल ट्रष्टको कार्यालयसम्बन्धी कार्ययोजना सहितको सोचपत्र (Vision Paper with work plan) - थान - एक।

(८) तत्काल कुनै राजनितिक दलको सदस्य नरहेको, सार्वजनिक पदको लागि अयोग्य नभएको र नेपाल ट्रष्टको कार्यालयसँग कुनै किसिमको स्वार्थ नबाझिएको स्वघोषणा,

(९) आफू कुनै सरकारी वा सार्वजनिक निकायको कुनै पदमा नियुक्त वा मनोनित भई हाल बहाल भएको भए विभागीय स्वीकृति पत्र ।

माथि उल्लेख गरेका सबै विवरणहरू साँचो हुन्, झुट्ठा ठहरे कानुन बमोजिम सहुँला बुझाउँला।

| औंठा छाप | |
|---|---|
| दाँया | बाँया |
| | |

दस्तखतः

नाम थरः

मितिः

सम्पर्क नम्बरः

ईमेल ठेगानाः

अनुसूची-२

(दफा ९ को उपदफा (३) र (४) सँग सम्बन्धित)

**योग्यता, अनुभव, कार्य योजना सहितकोसोचपत्र प्रस्तुतीकरण तथा अन्तर्वार्तासम्बन्धी अङ्क विभाजन**

| योग्यता, अनुभव, सोचपत्र प्रस्तुतीकरण तथा अन्तर्वार्तासम्बन्धी व्यवस्था | अधिकतम अङ्कभार | अङ्क विभाजन र आधार |
|---|---|---|
| (क) शैक्षिक योग्यता स्नातक र स्नातकोत्तर भए सो | पाँच (५) | (क) स्नातक तहको योग्यतामा तीन (३) अङ्क,<br>(ख) स्नातकोत्तर भएमा थप दुई (२) अङ्क। |
| (ख) सम्बन्धित क्षेत्रको कार्य अनुभव। | बान्ह दशमलब पाँच (१२.५) | १.सञ्चालक समितिका सदस्य पदको लागि सम्बन्धित क्षेत्रमा कार्य गरेको दश (१०) अङ्क \|<br>२. लिज क्षेत्रमा कार्य गरेको अनुभव वापत — दुई दशमलव पाँच(२.५) अङ्क |
| (ग) नेपाल ट्रष्ट सम्बन्धी रणनीतिक कार्य योजना सहितको सोचपत्र (Vision Paper with work plan) को मूल्याङ्कन। | दश (१०) | (१)नेपाल ट्रष्टको कार्यालयको भूमिका, प्रभावकारीता अभिवृद्धि र ट्रष्टको सम्पत्तिको संरक्षण, सम्वर्द्धन र प्रवर्द्धन सम्बन्धी विषय–दुई (२) अङ्क,<br>(२)ट्रष्टको सम्पत्ति व्यापक र सर्वोत्तम सार्वजनिक लाभ हुने गरी राष्ट्रहितमा प्रयोग गर्ने सम्बन्धी विषय -दुई (२) अङ्क,<br>(३)ट्रष्टको सम्पत्ति पर्यटकीय, कृषि तथा व्यावसायिक प्रयोजनमा उपयोग गर्न अपनाउनु पर्ने विषय -दुई (२) अङ्क<br>(४)ट्रष्टको सम्पत्ति लिज/भाडामा लगाउने सम्बन्धी विषय –दुई (२) अङ्क<br>(५)ट्रष्टको सम्पत्ति शिक्षा र स्वास्थ्यको क्षेत्रमा प्रयोग गर्नेविषयमा –दुई (२) अङ्क |
| (छ) ट्रष्ट सम्बन्धी रणनीतिक कार्य योजना सहितको सोचपत्र (Vision Paper with work plan) को प्रस्तुतीकरण मूल्याङ्कन। | बान्ह दशमलव पाँच (१२.५) | प्रस्तुतीकरणको मूल्याङ्कन वापत सत्तरी प्रतिशत भन्दा बढी तथा चालीस प्रतिशतभन्दा घटी अङ्क बहुमत मूल्याङ्कनकर्ताले कारण खुलाई दिएको अवस्थामा मात्र त्यस्तो दिएको अङ्क कायम हुनेछ। सो नभै कुनै मूल्याङ्कनकर्ताले बढी वा घटी दिएकोमा बढी भए सत्तरी र कम भए चालीस प्रतिशतसम्ममात्र कायम हुनेछ। |
| (ज) अन्तर्वार्ता | दश (१०) | अन्तर्वार्ताको अङ्क मूल्याङ्कनमा सत्तरी प्रतिशत भन्दा बढी तथा चालीस प्रतिशतभन्दा घटी अङ्क बहुमत मूल्याङ्कनकर्ताले कारण खुलाई दिएको अवस्थामा मात्र त्यस्तो अङ्क कायम हुनेछ। सो नभै कुनै मूल्याङ्कनकर्ताले बढी वा घटी दिएकोमा बढी भए सत्तरी र चालीस भन्दा घटी भए चालीस प्रतिशतसम्ममात्र कायम हुनेछ। |

**द्रष्टव्य:** उम्मेदवारहरुलाई सिफारिस समितिका सदस्यहरु (विज्ञ सदस्यसमेत) ले प्रदान गरिएको अङ्क जोड गरी प्राप्त औसत अङ्क गणना गरिनेछ।